**पाथीभरा याङवरक गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय,

**थेचम्बु, ताप्लेजङ**

## आन्तरिक आय ठेक्का बन्दोबस्तका लागि सिलबन्धी बोलपत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०३।२०

प्रदेश सरकार आर्थीक ऐन, २०७४,को दफा ६ को अनुसूची ४ र मिति २०७५।०३।१० को राजश्व परामर्श समितिको सिफारिश बमोजिम आगामी आ.व.२०७५।७६ को लागि देहायमा उल्लेखित शिर्षकहरुबाट कर संकलन कार्य ठेक्का बन्दोबस्त गरी सिलबन्दी बोलपत्रको प्रकृयाबाट गनुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रस्ताव छुट्टा छुट्टै प्रस्ताव पेश गर्न हुन पाथीभरा याङवरक गा.पा.का. निर्णयनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रथम प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | शिर्षक | ठेक्काको न्यूनतम कूल ठेक्का अंक - मू.अ.क. बाहेक) रु. | विड वण्डको अवधि | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ORME/YRK /OB-07(074/75) | ढुङ्गा, गिटी, बालुवा, रोडा, उत्खनन् गरी जिल्ला भित्र र बाहिर विक्री तथा निकासी शूल्क | १०,००००ा- (दश लाख) | १२० दिन | १०००।०(एक हजार) | प्रथम पटक १५ दिन |
| २. | ORME/YRK /OB-08(074/75) | पटके सवारी साधन कर निम्न सडकहरमा)<br>(क) सदरमुकाम कामीडाँडा थेचम्बु सडक<br>(ख) खहरे कावेली पुर्णेडाडा सडक<br>(ग) तिरिङ्गे-फुङलिङ सडक<br>(घ)डुमुसे- थुम्बेदिन-चिउरी गोलाई सडक<br>(ङ) डुमुसे-फुङलिङ सडक<br>(च) नाङ्खोल्याङ-फुङलिङ सडक | १,५०,०००।०० (एकलाख पचास हजार) | | १०००।०० (एक हजार) | प्रथम पटक १५ दिन |
| ३. | ORME/YRK /OB-09(074/75) | गोलिया काठ निकासी शुल्क/कर | १,००,०००।०० (एक लाख) | | १०००।०० (एक हजार) | प्रथम पटक १५ |

**शर्तहरु:-**

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिइएका फर्म वा कम्पनी संस्थाहरुले फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन् ।

२. बोलपत्र फाराम खरिद गर्न आ.व. ०७४।०७५मा नविकरण भएको प्रमाणपंत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व.०७३/०७४ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सहित बोलपत्र खरिदको लागि निवेदन पेश गर्नुपर्ने छ ।

३. यो सूचना स्थानीय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र सिलबन्दी बोलपत्र फाराम खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दाखिला गरि सक्नु पर्ने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ ।

४. यसरी दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु १६ औं दिनको २:०० बजे पछि कार्यालय समय भित्र कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी बोलपत्र दाताहरुको रोहवरमा खोलिने छ तर बोलपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।

५. जसको नाममा बोलपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र बोलपत्र दाखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका बोलपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन ।

६. बोलपत्र फाराममा आफूले कबोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. सिलबन्दी बोलपत्र पेश गर्नेले नियमानुसार आफूले कबोल गरेको अंकको ३ प्रतिशतले हुन आउने रकम धरौटी खाता नं. ०६२०३०००००००००३००००६२ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन मान्य अवधि रहने गरि जारी गरेको बैंक जमानत (बिड वण्ड) पेश गर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भएपछि धरौटी वापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको नगदै रकम यस कार्यालयको ने.वै.लि. ताप्लेजुङ स्थित हि. नं. ०६२०३०००००००००३००००६२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र वैंक बाट कार्यालयको नाममा जारी भएको कम्तिमा १३ (तेह्र) महिना अवधि म्याद भएको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ ।

९. ठेक्का स्वीकृत भए पश्चात सम्झौताका बखत आफुले कवोल गरेको ठेक्का अंकको १३% हुने रकम एकमुष्ट मूल्य अभिवृद्धि कर (VAT) (सबै प्रकारको ठेक्का व्यवसायमा लाग्ने मू.अ.कर) आन्तरिक राजश्व कार्यालयमा बुझाइ सो को सक्कलै बैंक भौचर पेश गरे पश्चात वा यस कार्यालयमा सो मूल्य अभिवृद्धि कर (VAT) वापतको रकम एकमूष्ठ बुझाई सकेपछि मात्र ठेक्का सम्झौता गरिनेछ ।

१०. ठेक्का अवधि ठेक्का सम्झौता भएको मितिबाट २०७६ असाढ मसान्त सम्म रहनेछ ।

११. ठेक्का कवोल रकम तीन किस्ता बुझाउनुपर्ने छ । सम्पूर्ण ठेक्का अंकाका ४०% रकम एकमूष्ठ ठेक्का सम्झौता बखत जम्मा गर्नुपर्ने छ । बाँकी ६०% मध्ये दोस्रो किस्ता ३०% रकम २०७५ कार्तिक मसान्त भित्र र बाँकी तेस्रो किस्ता वापतको ३०%रकम २०७५ फागुन मसान्त भित्रै बुझाउनुपर्ने छ । तोकिएको किस्ता म्याद भित्र नबुझाएमा यस कार्यालयको खातामा राखेको धरौटी, परफरमेन्स बण्ड तथा धितो जमानत बाट असूली गरिनेछ र साथै,सम्झौताको बखतमा कवोल अंक एक मुष्ठ बुझाएमा दश प्रतिशत छुट गर्न सकिने छ ।

१२.नेपाल सरकार र यस गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धि कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा संझौताको परिधि भित्र रही पाथीभरा याङवरक गा.पा. , थेचम्बु, ताप्लेजुङको निर्णय अन्तिम र मान्य हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१३. न्यूनतम ठेक्का अंक भन्दा घटि कवोल गरी सिलबन्दी वोलपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै शर्त राखिएको वा रीत नपुगेको सिलबन्दी वोलपत्र माथि कुनै कार्वाही गरिने छैन ।

१४. ठेक्का कबोल गर्ने ठेकेदारले दररेट सहितको साइन बोर्ड सम्बन्धित संकलन केन्द्रमा राख्नुपर्नेछ ।

१५. ठेक्का कवोल गर्ने ठेकेदार पाथीभरा याङवरक गा.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदि रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा रसिद छपाइको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्नुपर्ने कार्यमा प्रयोग गर्नुपर्नेछ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठक्केदारको कर्तव्य हुनेछ ।

१६. वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम IEF सम्बन्धि विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ ।

१७. ठेक्का समाप्त भई करचुक्ता पेश गरे पछि धरौटी वापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१८. यस गाउँपालिकाको कार्यालयमा वक्यौता तिर्न बाँकि रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म सिलबन्दी वोलपत्रमा भाग लिन पाउने छैन ।

१९. ढुङ्गा गिटी वालुवाका लागि यस गाउँपालिका अन्तर्गत प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन (IEE) तयार स्वीकृत भै सकेको थेचम्बुको कावेलीखोला पूल देखी ५३२ मिटर माथीको उत्खनन् क्षेत्र, नाङ्खोल्याङको कावेलीखोला पूल देखी ५५० मिटर तलको उत्खनन् क्षेत्र, नाङखोल्याङको फेनेबुङ्ग तमोरनदी पहिलो उत्खनन् क्षेत्रबाट उत्खनन् गर्नुपर्नेछ ।

२०. ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर शुल्क आदी ठेकेदार स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर ठक्केदारले ठेक्का तोड्न पाइनेछैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकम १०% जरीवाना जोडी असुल उपर गरिनेछ ।

२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

२२.माथी उल्लेखित सिलबन्दी वोलपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२३. सिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरु तथा दररेट सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.yangwarakmuntaplejung.gov.np मा पनि हेर्न सकिनेछ । सो सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस गाउँपालिकाको मोवायल नं. ९८५२६६०४६० मा सम्पर्क राख्न सकिने छ । यस सुचना उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून ठेक्का लिने पक्षको आफ्नै दायित्व हुनेछ ।